## विश्वविद्यालय अनुदान आयोगको सदस्य तथा सचिव सिफारिससम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१।१०।२२

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ५ को उपदफा (१) को खण्ड (ख) र (छ) बमोजिम रिक्त रहेको सदस्य तथा प्रस्तुत ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको रिक्त हुन गइरहेको सचिव पदका लागि नेपाल सरकार समक्ष सिफारिस गरी आयोगको सदस्य र सचिव मनोनयन तथा नियुक्तिसम्बन्धी काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले "विश्वविद्यालय अनुदान आयोगको सदस्य तथा सचिव सिफारिससम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" मा संशोधन गर्न वाञ्छनीय भएकोले संशोधित कार्यविधि लागू गरेको छ।

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "विश्वविद्यालय अनुदान आयोगको सदस्य तथा सचिव सिफारिस सम्बन्धी **(पहिलो संशोधन)** कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई सदस्य मनोनयन तथा सचिव नियुक्त नहुँदासम्म कायम रहेछ।

२. **"विश्वविद्यालय अनुदान आयोगको सदस्य तथा सचिव सिफारिस सम्बन्धी कार्यविधि, २०८१" को दफा ६ को उपदफा ३ मा संशोधनः** "विश्वविद्यालय अनुदान आयोगको सदस्य तथा सचिव सिफारिस सम्बन्धी **(पहिलो संशोधन)** कार्यविधि, २०८१" (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ६ को उपदफा ३ मा रहेको "पन्ध्र दिन " भन्ने शब्दावलीको सट्टा "एक महिना" भन्ने शब्दावली राखिएको छ।

<u>३ मूल कार्यविधिको दफा ६ को उपदफा ५ पछि ५ (क) थपः मूल कार्यविधिको दफा ६ को उपदफा ५ पछि देहायको उपदफा ५(क) थपिएको छ।</u>

<u>उपदफा ५ क दरखास्त पेश गर्ने समयावधि थप गर्न सक्नेः</u>

१) उपदफा ५ मा जुन सुकै कुरा लेखिएको भएता पनि ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ज) तथा दफा १३ को उपदफा (३) बमोजिमको सचिवमा नियुक्तिको लागि इच्छुक योग्य व्यक्ति खोजी तथा पहिचान गर्ने क्रममा बढिमा सात दिनको सूचान दिई दरखास्तको लागि समयावधि थप गरी सूचना प्रकाशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएमा यस अघिको सूचना बमोजिम प्राप्त हुन आएका दरखास्तलाई कायमै राख्नु पर्नेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल